# संचालक समितिको प्रतिवेदन

शेयरधनीज्यूहरु,

कम्पनीको यस २८औं बार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन, २०७७ प्रस्तुत गर्न पाउँदा हामीलाई अत्यन्तै खुसी लागेको छ । जारी कोभीड - १९ को विश्वव्यापी माहामारीले सृजित गम्भिर स्वस्थ्य सुरक्षा खतराका कारण आज हामीहरु भर्च्युअल माध्यमवाट यस बार्षिक साधारण सभामा भेला भएका छौ ।

कोभीड - १९ ले विश्वभर सबै क्षेत्रहरुमा असर गरेको छ । जसवाट यस कम्पनीको मूलतः आयोजना विकास तथा निर्माण कार्यहरु प्रभावित भए । विद्युत केन्द्रहरु तथा वितरण व्यवसाय तुलनात्मकरुपमा कम प्रभावित भए । कम्पनीले अवलम्वन गरेको रोकथामका उपायहरुका बाबजुद तेह्र जना कर्मचारीहरु कोभीड - १९ वाट संक्रमण हुन पुगे । दुर्भाग्यवस कम्पनीले एक जना कर्मचारी गुमाउनु पर्‍यो । महामारीका प्रतिकुलताहरुका बाबजुद कम्पनीको समग्र व्यवसायको कार्यसंपादन परिणामहरु सन्तोषजन रह्‍यो ।

यस कम्पनीले आ.व. २०७६।७७ मा रु. ७३,१२,८४,०९२ खुद नाफा आर्जन गरी आफ्नो लाभांश नीति अनुरुप शेयरधनीहरुलाई १५% नगद लाभांश तथा १०% बोनस शेयर वितरण गर्न लागेको छ ।

कम्पनीको प्रत्यक्ष स्वामित्वमा संचालनमा रहेका विद्युत गृहहरु तथा वितरण व्यवसाय समान्यरुपमा संचालनमा रहे । गत वर्षको बाढीवाट नराम्ररी क्षतिग्रस्त हुन पुगेको ४ मे.वा. को खुदी जलविद्युत गृह केही महिना बन्द भए पश्चात् आंशिकरुपमा संचालनमा ल्याइएको छ र उपकरण आपूर्तिकर्ताले कोभीड - १९ का कारण प्राविधिक विज्ञ चीनवाट पठाउन नसकेर बाँकी रहेको दोश्रो उत्पादन इकाईको मर्मत कार्य सिघ्र सम्पन्न हुने अपेक्षा गरिएको छ । ६० मे.वा. को खिम्ती प्रथम जलविद्युत केन्द्रको ५०% स्वामित्व २० वर्षे विद्युत खरिद बिक्री सम्झौताको शर्त अनुसार २०७७ आषाढमा नेपाल विद्युत प्राधिकरणमा गएको छ । यस विद्युत केन्द्र नयाँ विद्युत खरिद बिक्री सम्झौता नभएसम्मका लागि अन्तरिम बिद्युत खरिद बिक्री प्रवन्ध अर्न्तगत संचालनमा रहनेछ । सो प्रक्रिया कोभीड - १९ का कारण ढिला हुन गएको छ ।विद्युत खरिद बिक्री सम्झौता अनुसार एक अलग्गै विशेष उद्देश्य भएको कम्पनी अर्न्तगत खिम्ती प्रथम जलविद्युत केन्द्र संचालन हुनेछ । यस परिवर्तनवाट कम्पनीको लाभांश आम्दानीमा प्रभाव पर्नेछ ।

३० मे.वा.को न्यादी जलविद्युत आयोजना ९०% भन्दा बढी प्रगति सहित निर्माणको अन्तिम चरणमा रहेको छ । कोभीड - १९ को विश्वव्यापी माहामारी नहुँदो हो र विद्युत आपूर्तिका लागि अतिरिक्त प्रशारण लाईनको प्रवन्ध गर्नु नपरेको भए यो आयोजना यस अघिनै व्यापारिक संचालनमा आईसकेको हुन्थ्यो । यस आयोजना २०७७ चैत्र भित्र व्यापारिकरुपमा संचालनमा आउने अपेक्षा गरिएको छ ।

३७.६ मे.वा. को कावेली ए जलविद्युत आयोजनाको संपूर्ण निर्माण कार्यहरु सन् २०२० को प्रारम्भ देखीनै रोकिएको छ । विश्व बैंकले कर्जाको किस्ता दिन बन्द गरेसंगै यस आयोजनाले गम्भिर चुनौतिहरुको सामना गरिरहेको छ । विश्व बैंकवाट कर्जाको किस्ता भुक्तानी लिने अवधी थप गर्नका लागि हामीले नेपाल सरकारसमक्ष समयमै गरेको अनुरोध तथा हामीले राखेको अपेक्षा अनुसार सरकार म्याद थपका लागि सहयोग गर्न अनिच्छुक रहेको कारण मूर्तरुप लिन सकेन । अझैपनि यस आयोजनाको निर्माण कार्यलाई पूनः सुरु गर्नका लागि संभाव्य सबै विकल्पहरुको खोजी गरिदैछ। आयोजना विकास सम्झौताको मर्म अनुसार सहयोग तथा सहायताका निमित्त नेपाल सरकार समक्ष अनुरोध गरिएको छ। यस कम्पनीले यस वर्षको वित्तिय विवरणमा सो आयोजनामा गरिएको लगानीको आंशिकरुपमा नोक्सानी व्यवस्था ( प्रोभिजनिङ) गरेको छ ।

मर्स्याङदी क्यासकेड आयोजनाहरु – १३५ मे.वा. को मनाङ मर्स्याङदी जलविद्युत आयोजना, १३९.२ मे.वा. को तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना र ३२७ मे.वा. को माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजनामा केही प्रगतिहरु भएका छन् । मर्स्याङदी क्यासकेड आयोजनाहरुलाई अधिकतम लाभका आधारमा अध्ययनहरु गरिएको छ । मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौतामा प्रारम्भिक हस्ताक्षर गरिएको छ र सो सम्झौता हाल विद्युत नियमन आयोगमा स्वीकृतिको प्रक्रियामा रहेको छ। अन्य आयोजनाहरुको विद्युत खरिद बिक्री सम्झौता समेत नेपाल विद्युत प्राधिकरणमा विचाराधिन रहेको छ । लगानी बोर्डले माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाका लागि लगानी स्वीकृत प्रदान गरेको छ। आयोजना विकास सम्झौताको निवेदन लगानी बोर्डमा विचाराधिन छ। मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको निर्माण प्रारम्भ गर्नका लागि गत वर्षनै निर्माण आवास गृहहरु तथा पहुच मार्ग आफ्नै खर्चमा तयार भएको छ ।

यस कम्पनीले ७.९ मे.वा. को चिनो खोला जलविद्युत आयोजनाको उत्पादन अनुमतिपत्रका लागि दरखास्त दिएको छ र नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गर्नकालागि प्रक्रियामा रहेको छ।

१६० मे.वा. को मुगु कर्णाली जलविद्युत आयोजनाको संभाव्यता अध्ययनको कार्य भईरहेको छ। कोभीड - १९ का कारण नेपाल सरकार जलविद्युत आयोजनाहरुलाई राहत उपलब्ध गराउनका लागि सकारात्मक देखिएको छ । त्यस्तो राहत अनुमतिपत्रको म्याद थप गर्ने, सो अर्न्तगत तोकिएका समय सीमाहरु थप गर्ने लगायत शूल्कहरुमा सहुलियत प्रदान गर्ने अपेक्षा गरिएको छ । तिला १ र तिला २ जलविद्युत आयोजनाहरुका कम्पनी एस सी पावर प्रा.लि. र यसका शेयरधनीहरुलाई दिएको अग्रिम भुक्तानी फिर्ता लिने प्रक्रिया शुरु गरिएको छ ।

समुह कम्पनीहरुको कार्यसंपादन समेत सन्तोषजनक छ । समुह कम्पनीहरु मध्ये इन्जिनियरिङ सेवा प्रदायक हाईड्रोकन्सल्ट इन्जिनियरिङ लि.को कार्यसम्पादन अब्बल रहेको छ। आ.व. २०७६।७७ मा समुहगत खुद नाफा समेत बढेको छ ।

यस कम्पनीले आफ्नो व्यवसाय तथा सुशासनमा निहित कमी कमजोरीहरु पहिचान गर्न तथा सुधारका पहल कदमीहरु अघि बढाउनका लागि स्वतन्त्र परामर्शदाता मार्फत अध्ययन गरेको छ ।

## कार्यसंपादन समिक्षा

### वित्त

कम्पनी आ.व. २०७६।७७ मा कुल संचालन मुनाफा रु.३२,१६,११,७६२ र लाभांश आम्दानी रु.७६,७८,१९,२२९ आर्जन गरेको छ र जुन गत वर्षको तुलनामा क्रमशः १४.९८% र २५% ले बढी हो । वित्तिय आम्दानीमा उल्लेख्यरुपमा ह्रास आएको छ र सन् २०१९ को अप्रिलवाट कावेली ए जलविद्युत आयोजनाको निर्माण कार्यहरु रोकिएका कारण कावेली इनर्जि लि. र गुराँस इनर्जि लि.मा गरिएको शेयर लगानीको नोक्सानी व्यवस्था गरिएको छ । जसवाट कर अघि र कर पछिको नाफा क्रमशः १४.८१% र ३.८२% ले घटेको छ । यस आ.व.को कर पछिको खुद मुनाफा रु.७३,१२,८४,०९२ रहेको छ ।
कम्पनीको वित्तिय अवस्थाको मुख्य मुख्य बुँदाहरुलाई निम्न अनुसार संक्षेपीकरण गरिएको छ ।

| विवरण | आ.व. २०७६।७७ रु. | आ.व. २०७५।७६ रु. | परिवर्तन |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई बिद्युत बिक्री | ४८,३८,३८,१६३ | ४८,६८,२९,७७५ | -०.६१% |
| उपभोक्तालाई बिद्युत बिक्री तथा सेवाहरु | १९,५१,३६,५७१ | १८,७२,०३,२३० | ४.२४% |
| उत्पादन खर्च | २४,५६,८९,६५७ | २६,६३,११,७३८ | -७.७४% |
| वितरण खर्च | ११,९४,०५,१५० | १३,७०,४४,७७५ | -१२.८७% |
| कूल संचालन मुनाफा | ३२,१६,११,७६२ | २७,९७,२१,२४३ | १४.९८% |
| अन्य आय (प्राप्त लाभांश समेत) | ७६,७८,१९,२२९ | ६१,३७,०८,६६८ | २५.११% |
| प्रशासनिक तथा अन्य खर्च | १२,३३,३९,०३१ | १६,४२,५५,५२२ | -२४.९१% |
| ब्याज तथा कर अघिको नाफा | ७२,७५,३७,४३४ | ७३,५०,२५,५६९ | -१.०२% |
| कर अघिको नाफा | ७१,९७,९५,७१६ | ८४,४९,३७,७३० | -१४.८१% |
| कर पछिको खुद मुनाफा | ७३,१२,८४,०९२ | ७६,०३,३५,३५६ | -३.८२% |
| अन्य कम्पनीहरुमा लगानी | ४,०६,८४,६०,९६१ | ४,५३,०३,०६,५७० | -१०.१९% |
| प्रतिशेयर आम्दानी | २७।२५ | ३१।१५ | |
| खुद सम्पत्ति (नेटवर्थ) | ७,०२,९०,४६,६०५ | ६,९०,१२,८१,३८३ | १.८५% |

यस आ.व.को समूहगत एकिकृत वित्तिय अवस्था निम्न अनुसार रहेको छः

| विवरण | आ.व. २०७६।०७७ रु. | आ.व. २०७५।०७६ रु. | % परिवर्तन |
|---|---|---|---|
| आम्दानी | ३,१९,४३,५२,०५८ | ३,३४,४६,२६,५४६ | -४.४९% |

| | | | |
|---|---|---|---|
| बिक्री लागत | २,६५,७५,६५,४३५ | २,८९,२८,२५,३९९ | -८.१३% |
| कुल नाफा | ५३,६७,८६,६२३ | ४५,१८,०१,१४७ | १८.८१% |
| व्याज तथा कर अघिको नाफा | १,०५,२८,८३,५२४ | ७६,२७,४५,७९९ | ३८.०४% |
| कर अघिको नाफा | ७६,६९,०२,८०८ | ८२,९९,४५,४०८ | -७.६% |
| कर पछिको नाफा | ७६,५८,२९,५०७ | ७२,६२,४६,६०९ | ५.४५% |
| नियन्त्रक कम्पनीको मालिकको लागि नाफा | ७५,४०,६५,६४० | ७३,२१,२१,३८० | ३% |
| नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा | १,१७,६३,८६७ | (५८,७४,७७१) | ३००.२४% |
| प्रति शेयर आम्दानी | २८.१० | ३०.०० | |
| खुद सम्पत्ति | ७,४५,२०,२२,०९९ | ७,२८,४४,७२,६६३ | २.३०% |

सेवाको बिक्रीनै घटेकोले समूहगत आम्दानी ४.४९% ले घटेको हो । त्यसैगरी मुलतः उपभोग गरिएका सामाग्रीको लागत, कर्मचारी खर्चहरु एवं कानूनी तथा व्यवसायिक खर्चहरु घटेकोले बिक्री लागत ८.१३% ले घटेको हो । तथापि, आम्दानी घटेको तुलनामा बिक्री लागत उच्च दरमा घटेकोले कुल आम्दानी १८.८१% बढेको हो । मुलतः लाभांश आम्दानी बढेको कारण समूहगत खुद नाफा ५.४५% ले बढेको हो, जसको परिणामस्वरुप खुद सम्पत्ति २.३०% ले बढेको छ । समुहगत प्रति शेयर आम्दानी रु. २८।१० छ, जुन अघिल्लो वर्ष रु. ३०।०० थियो ।

**व्यवसाय संचालन**

**उत्पादन व्यवसाय**

कम्पनीले दुई विद्युत गृहहरुः १२ मेगावाटको झिमरुक विद्युत गृह र ९.४ मेगावाटको आँधिखोला विद्युत गृह संचालन गर्दैआएको छ । आ.व. २०७६।७७ मा दुबै विद्युत गृहहरु सन्तोषजनकरुपमा संचालन रहे । कुल १४४.५१ गिगावाट आवर विद्युत उत्पादन भयो । यो गत वर्षको १३७.५६ गिगावाट आवर भन्दा ५% को बृद्धि हो । कुल उत्पादित उर्जाको करीव ७४% नेपाल विद्युत प्राधिकरणलाई तथा बाँकी कम्पनीको वितरण व्यवसायमा आपूर्ति गरिएको थियो ।

दुबै विद्युत गृहहरुवाट भएको उत्पादनको अवस्था निम्न अनुसार थियो:

- आँधिखोला विद्युत गृहले ८६.६७% क्षमता (Plant Factor) मा संचालनमा रहेर ७१.३७० गिगावाट आवर विद्युत उत्पादन गर्‍यो । सो गत वर्षको उत्पादनको तुलनामा ४.८८% (३.३२१ गिगावाट आवर) बढी उत्पादन हो । कुल उपलब्ध ७२.८३ गिगावाट आवर विद्युत (नेपाल विद्युत प्राधिकरणबाट खरिद गरिएको समेत) मध्ये कालीगण्डकी जलविद्युत आयोजनालाई क्षतिपूर्ति वापत निशूल्क उपलब्ध गराइएको ३.१६९ गिगावाट आवर समेत गरी ३९.७३७ गिगावाट आवर (५४.५६%) नेपाल विद्युत

प्राधिकरणलाई र ३१.४५७ गिगावाट आवर (४३.१९%) कम्पनीकै उपभोक्ताका निमित्त वितरण व्यवसायलाई आपूर्ति गरिएको थियो ।

- झिमरुक विद्युत गृहले ६९.५८% क्षमता (Plant Factor) मा संचालनमा रहेर ७३.१४४ गिगावाट आवर विद्युत उत्पादन गऱ्यो । सो अघिल्लो वर्षको उत्पादनको तुलनामा ५.२३% (३.६३७ गिगावाट आवर) ले बढी हो । कुल उपलब्ध ७५.७३ गिगावाट आवर विद्युत (नेपाल विद्युत प्राधिकरणबाट खरिद गरिएको समेत) मध्ये ६६.६६९ गिगावाट आवर (८८.०३%) नेपाल विद्युत प्राधिकरणलाई र ७.३७७ गिगावाट आवर (९.७४%) कम्पनीकै उपभोक्ताका निमित्त वितरण व्यवसायलाई आपूर्ति गरिएको थियो ।

झिमरुक नदीको पानीमा वर्षायाममा अत्यधिक मात्रामा हुने क्वार्ट्जले गर्दा विद्युत गृह संचालनको प्रारम्भ देखिनै विद्युत उत्पादनमा कमी गराउने तथा टर्वाइनमा गम्भिर क्षय पुऱ्याउने मूख्य कारक रहेको छ । टर्वाइनका सबै हिस्साहरुको पूर्ण मर्मत संभारको कार्य गरिएको थियो । मर्मत संभार तालिका वमोजिम निरोधात्मक मर्मत संभारको कार्य समेत गरिएको थियो । बालुवाको समस्याका अतिरिक्त सबै तीन जेनेरेटरमा इक्साईटेसन प्रणालीमा ठुलो समस्या आईपऱ्यो र त्यसलाई समयमै मर्मत संभार गरियो । आयोजना क्षेत्र तथा किसानको जमिन संरक्षण गर्न एवं विद्युत उत्पादन वृद्धिका लागि पानीको उपयोगलाई बढाउनका निमित्त नदी व्यवस्थापन (रिभर ट्रेनिङ्ग) तथा प्रभाव न्यूनिकरण (मिटीगेशन) कार्यहरु गरिएको थियो ।

### वितरण व्यवसाय

यस कम्पनीले चार जिल्लाहरु स्याङजा, पाल्पा, प्युठान र अर्घाखाँचीमा रहेका आफ्ना उपभोक्ताहरुलाई विद्युत वितरण गर्दे आईरहेको छ । आ.व. २०७६।७७ मा उत्पादन व्यवसायवाट लिइएको उर्जा ३८.८२८ गिगावाट आवर थियो । जुन गत बर्ष लिएको उर्जाको ४% ले बढी हुन आउँछ । उपभोक्ताको संख्या आ.वं २०७६।७७ को अन्त्य सम्ममा ३.३७% ले बढेर ५८,०९१ पुगेको छ । यस वर्ष ३२.६९ गिगावाट आवर उर्जा उपभोक्ताहरुलाई बिक्री गरिएको थियो भने ०.०६८ गिगावाट आवर उर्जा आन्तरीक खपत गरिएको थियो । कुल विद्युत बिक्री गत वर्षको भन्दा ३.८३% ले बढेको छ । कुल खरिद गरिएको उर्जा मध्ये वितरण नोक्सानी १५.६४% रहेको छ ।

### कम्पनीका सहायक तथा सम्वद्ध कम्पनीहरुः

### २०७७ सालको आषाढ मसान्त सम्म कम्पनीको लगानीको हिस्सा

यस कम्पनीले निम्न कम्पनीहरुमा शेयर लगानी गरेको छ, जसको मूल्य लागतका आधारमा तथा फेयर भ्यालुका आधारमा निम्न अनुसार प्रस्तुत गरिएको छः

| कम्पनीको नाम | शेयर संख्या | % लगानी | लगानी रु.(लागतमा) | लगानी रु. (फेयर भ्यालुमा) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| हिमाल पावर लि. | २९,७८,५०२ | १६.८८ | ४३,४९,३१,४६१ | ९५,४९,६१,१२८ |
| नेपाल हाईड्रो एण्ड इलेक्ट्रिक लि. | ७,१५,८०० | ५१.३० | ७,१५,८०,००० | - |
| खुदी हाइड्रोपावर लिमिटेड | ५,०४,००० | ६०.०० | ५,०४,००,००० | - |
| खुदी हाइड्रोपावर लिमिटेड ( अग्राधिकार शेयर) | ५,७६,००० | - | ५,७६,००,००० | - |
| न्यादी हाइड्रोपावर लिमिटेड | १,०७,५१,४५३ | ९८.१८ | १,०७,५१,४५,३०० | - |
| कावेली इनर्जि लि. | २९,६६,८६० | २७.२४ | २९,६६,८६,००० | - |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | १,१७,७८५ | ८० | १,१७,७८,५०० | - |
| मनाङ मर्स्याङदी हाइड्रोपावर कं. प्रा.लि. | ८,८५,९६० | १०० | ५६,६४,१६,३६७ | |
| बिपिसी सर्भिसेज लि. | १,००,००० | १०० | १,००,००,००० | - |
| हाइड्रो ल्याव प्रा.लि. | १०,००० | १०.७३ | १०,००,००० | १९,३५६,९४२ |
| हिमताल हाइड्रोपावर कं. प्रा.लि. | ६,०१,३०० | १९.४० | ७७,७९,०२,८३० | |
| मर्स्याङदी ट्रान्समिशन कं. प्रा.लि. | ६,४०६ | १९.४० | १,०३,४६,२४५ | |
| गुराँश इनर्जि लि. | ३,३१९,८३६ | ४० | ३३,१९,८३,६०० | - |
| कावेली इनर्जि लि.लाई दिएको परिवर्तन गर्न मिल्ने सापटी | - | - | १२,६०,०४४ | |
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट कम्पनी प्रा.लि. | - | - | ९,३५,२०,८७६ | |
| **जम्मा लगानी (लागत मुल्यमा)** | **२,३५,३५,९०२** | | **३,७९,०७,५१,२२३** | **९७,४३,१८,०८०** |

सहायक तथा सम्वद्ध कम्पनीहरुको वित्तिय संम्पादनको मुख्य मुख्य बुँदाहरु निम्न वमोजिम रहेका छन्:

| **कम्पनीको नाम** | **खुद मुनाफा (रु. )** | **खुद मुनाफामा बृद्धि वा कमी प्रतिशत** | **खुद सम्पत्ति (रु )** | **प्रति शेयर आम्दानी रु.** | **प्रति शेयर कितावी मूल्य रु.** |
|---|---|---|---|---|---|
| हिमाल पावर लि. | ३,७२,६९,४९,३६४ | १२.७१% | ५६५,६१,६१,६१० | २११.२६ | ३२०.६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि. | ३,५७,२४,९७९ | २१२.८४% | ३४,४७,२१,४१३ | २५.६० | २४७.०६ |
| खुदी हाइड्रोपावर लि. | (१,०९,८१,६१४) | -१४१.०)% | १९,३९,९०,०२९ | (१३.०७) | २३०.९४ |
| कावेली इनर्जि लि. | २,७७,६४,२८८ | ७२.९९% | १,११,३६,४०,४१३ | ० | १०२.६४ |
| न्यादी हाइड्रोपावर लि. | (२,६७,३९,१४७) | -७८.६९% | १,०३,०६,७६,२६७ | ० | ९४.१३ |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | ३,२२,०२,००२ | २५.६९% | १४,७४,४७,७१८ | २१८.७२ | १,००१.४७ |
| बिपिसि सर्भिसेज लि. | ८,१८,८८३ | -१०.९७% | १,५७,९५,५९१ | ८.१९ | १५७.९६ |
| हाइड्रो ल्याव प्रा.लि. | १,३८,५३,१०० | १३.०५% | ११,९६,४२,६२२ | २३१.०० | १,९९०.७३ |
| गुराँस इनर्जि लि. | (१३,६४,६८४) | -७०.९६% | ७९,४२,१९,१४८ | (०.१६) | ९५.६९ |
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट कम्पनी प्रा.लि. | (३,८१,६१,११३) | ४.३८% | १,५१,६५,७३,२१७ | -२.४४ | ९७.०५ |
| मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि. | (७,०९,४८२) | -१२८.५८% | ९,०३,६८,७२२ | -०.८० | १०२.०० |
| मर्स्याङदी ट्रान्समिसन कम्पनी प्रा.लि. | ०.०० | | १६,४३,८०२ | | ४९.७८ |
| हिमताल हाइड्रोपावर कम्पनी प्रा.लि. | (१,१३,०००) | -९७.५७% | २७,३१,७७,०६९ | -०.०४ | ९१.३६ |

कम्पनीले आ.वं २०७५।०७६ मा निम्न सहायक तथा सम्बद्ध कम्पनीहरुवाट कुल रु.७४,४१,२०,७९४ लाभांश प्राप्त गरेको थियो ।

| कम्पनीको नाम | लाभांश रकम रु. (आ.वा २०७५।०७६ को नाफावाट) |
|---|---|
| हिमाल पावर लि. | ७३,९०,८५,४८६ |

| | |
|---|---|
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | ५०,३५,३०८ |
| **जम्मा** | **७४,४१,२०,७९४** |

**आयोजनाहरु**

**न्यादी जलबिद्युत आयोजना (३० मे.वा.)**

न्यादी जलबिद्युत आयोजना लमजुङ जिल्लाको मर्स्याङदी गाउँपालिकामा अवस्थित नदीको बहावमा आधारित आयोजना हो । यस आयोजनाको निर्माण मार्च २३, २०१७ मा प्रारम्भ भएको थियो । न्यादी हाइड्रोपावर लि. आयोजना कम्पनीकोरुपमा रहेको छ । सो कम्पनीको स्वामित्वमा यस आयोजना रहेको छ, जसमा यस कम्पनीको ७१.६७% शेयर स्वामित्व छ । न्यादी हाइड्रोपावर लि.ले सर्वसाधारण तथा आयोजना प्रभावितहरुका लागि प्रारम्भिक शेयर निष्काशनका लागि प्रक्रिया अघि बढाएको छ । मार्च २०२१ भित्र सो प्रारम्भिक शेयर निष्काशनको कार्य सम्पन्न हुने अपेक्षा गरिएको छ । कोभिड -१९ विश्वव्यापी महामारीका कारण न्यादी हाइड्रोपावर लि. व्यापारिकरुपमा विद्युत उत्पादन गर्नु पर्ने समय भित्र न्यादी जलबिद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गर्न सकेन । न्यादी हाइड्रोपावर लि.ले मार्च २०२१ वाट विद्युत उत्पादन शुरु गर्ने अर्को लक्ष लिएको छ । नेपाल विद्युत प्राधिकरणले २२० के.भी. को प्रशारण सुविधाहरु निर्माणमा ढिलाई गरेका कारण न्यादी जलबिद्युत आयोजनावाट विद्युत आपूर्तिका लागि बैकल्पिक योजना अर्न्तगत ३ कि.मी.थप प्रशारण लाईन निर्माण गरिरहेको छ ।  न्यादी जलबिद्युत आयोजनावाट करीव १६८ गिगावाट आवर विद्युत उत्पादन हुने अपेक्षा गरिएको छ ।

**कावेली ए जलविद्युत आयोजना (३७.६ मे.वा.):**

कावेली ए जलविद्युत आयोजना ताप्लेजुङ र पाँचथर जिल्लाहरुमा पर्ने अर्धजलाशय (पिआरओआर) आयोजना हो । कावेली इनर्जि लि.ले आयोजना विकास सम्झौता अनुसार नेपाल सरकारवाट यस आयोजना लिएको हो । कावेली इनर्लि लि.मा यस कम्पनीको प्रत्यक्ष २६% र अप्रत्यक्षरुपमा २७.३% शेयर स्वामित्व रहेको छ । कावेली इनर्लि लि.को व्यवस्थापनको नेतृत्व रणनीतिक साझेदार इन्फ्राको एसियाले गरिरहेको छ । यस आयोजनाको मुख्य निर्माण कार्य मार्च २३, २०१७ मा प्रारम्भ भएको थियो । कावेली इनर्लि लि.ले मेची राजमार्गवाट आयोजना स्थलसम्म पुग्नका लागि २४ कि.मी. लामो पहुँच मार्ग निर्माण गरेको छ । आवश्यक जग्गाहरु खरिद, ठेकेदारको क्याम्प तथा सुविधाहरु निर्माण तथा पहुँच सुरुङ निर्माण तथा १ कि.मी. (४.५ कि.मी. मध्ये) हेडरेस सुरुङ खन्ने कार्य सम्पन्न भएको छ भने बाँध एवं पेनस्टकको निर्माणका लागि तयारी थालिसकेको छ । इपिसी ठेकेदारले निर्माणका मापदण्डहरु पालना गर्न तथा निर्माण तालिका अनुसारको प्रगति गर्न असक्षम रह्यो । जसको परिणमस्वरुप कावेली इनर्लि लि.ले ओनर्स इन्जिनियर तथा ऋणदाताको परामर्शदाताको सिफारिसमा अप्रिल २०१९ मा ईपीसी ठेक्का सम्झौता अन्त्य गरेको छ । कावेली इनर्जि लिमिटेडले अग्रिम भुक्तानी जमानतको रकम उठाएको छ भने कार्यसंपादन जमानत फछ्र्यौट गरेको छ । विश्व बैंकवाट कर्जाको किस्ता लिनुपर्ने समय सीमा डिसेम्वर २०१९ मा समाप्त भएर विश्व बैंकले कर्जा सुविधा बन्द गरेका कारण भौतिक निर्माणका सबै कार्यहरु स्थगन गरिएको छ । सोही समयमा आयोजना पुरा (कमिसनिङ) नहुँदै विद्युत खरिद बिक्री सम्झौता अर्न्तगतको विद्युत उत्पादन

शुरु गर्नु पर्ने समय समाप्त भएको छ। विद्युत उत्पादन शुरु गर्नुपर्ने समय कावेली इनर्जि लि.को कारणले मात्र नभई सरकारका निकायहरुले विश्व बैंकको कर्जा प्रवाह गर्नका लागि निर्णयहरु गर्नमा लामो समयसम्म भएको बिलम्ब, नेपाल सरकार तथा विश्व बैंकवाट कर्जाको अवधि थप गर्नका लागि समयमै स्वीकृति प्राप्त नभएको तथा कर्जाको किस्ता भुक्तानीका निमित्त विश्व बैंक तथा अन्तराष्ट्रिय वित्त संस्थाका कडा शर्तहरुका कारणवाट समाप्त भएको हो । तमोर जलाशय आयोजनामा नेपाल सरकारको जोडले गर्दा कावली ए जलविद्युत आयोजनावाट ध्यान मोडिएको देखिन्छ । सो जलाशय आयोजनाले कावेली ए जलविद्युत आयोजनालाई उल्लेख्यरुपमा प्रभावित गर्नेछ र सम्बन्धित मन्त्रालयले कावेली ए जलविद्युत आयोजनाका विषयमा ठोस निर्णय लिन आवश्यक छ ।

काबेली इनर्जि लि.ले निर्माण कार्यहरुलाई पूनः सुचारु गर्नका लागि पुर्नस्थापना योजना बनाएको छ । तथापि, सो पूर्नस्थापना योजना  अघि बढाउनका लागि बाँकी निर्माण कार्यहरु सम्पन्न गर्न तथा ढिलाईका कारण तिर्नुपर्ने क्षतिपूर्तिलाई रोक्नका लागि विद्युत उत्पादन गर्नु पर्ने मिति उचितरुपमा तय हुन आवश्यक छ। काबेली इनर्जि लि.ले सरकारका निर्णयका कारण भएका ढिलाईको आधारमा विद्युत उत्पादन गर्नु पर्ने मिति थप गर्नका लागि उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयमा अनुरोध गरिएको छ। सो आयोजनाको आवस्यक विद्युत उत्पादन गर्नु पर्ने मिति थप गर्नका लागि पुनरावलोकन तथा सिफारिसका निमित्त मन्त्रालयमा एक विशेष समिति गठन भएको छ। सो समितिको प्रतिवेदन छिट्टै आउने अपेक्षा गरिएको छ । विद्युत उत्पादन गर्नु पर्ने मिति उचितरुपमा थप भए पश्चात् पूर्नस्थापना योजना कार्यन्वयन गरिनेछ र निर्माण कार्य पूनः प्रारम्भ हुनेछ।

### मर्स्याङदी क्यासकेड आयोजनाहरु

मर्स्याङदी क्यासकेड आयोजनाहरुमा तीन अर्धजलाशययुक्त (पिआरओआर) आयोजनाहरुः मनाङ मर्स्याङदी जलविद्युत आयोजना, तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना र माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजना रहेका छन्, जसको कुल जडित क्षमता ६०१ मे.वा. रहेको छ । मनाङ मर्स्याङदी जलविद्युत आयोजना र माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको लागि क्रमशः मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि. र हिमताल हाइड्रोपावर कम्पनी प्रा.लि. नामका विशेष उद्देश्यका कम्पनीहरु रहेका छन् । चिनिया साझेदारहरुसंग मिलेर तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको विशेष उद्देश्य कम्पनी स्थापना गरिनेछ। सो आयोजनाहरुको रणनीतिक साझेदारहरु SCIG International Limited, Xingcheng International Investment Co. Ltd. र QYEC International Co. Ltd. रहेका छन् । मर्स्याङदी क्यासकेड आयोजनाहरुको क्षेत्र समायोजन गर्न, आयोजनालाई अर्धजलाशय (पिआरओआर) प्रकृतिको बनाउन तथा पुरक वातावरणीय प्रभाव मुल्यांकन गर्नका लागि उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयको पूर्वसहमति लिई अध्ययन प्रतिवेदन परिष्कृत गरिएको छ र सो अनुसार पुरक वातावरणीय प्रभाव मुल्यांकन  भएको छ ।

मनाङ मर्स्याङदी जलविद्युत आयोजनालाई १३५ मे.वा. मा सुदृढीकरण गरिएको छ र सोही अनुसार उद्योग विभागमा१३५ मेगावाट क्षमतामा उद्योग दर्ता अध्यवधिक गर्न प्रकृया अगाडि बढाइएको छ । यसको आयोजना विकास सम्झौताका लागि उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयमा दरखास्त पेश गरिएको छ । पुरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति भएको छ । नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौताको मस्यौदामा सहमति गरी विद्युत नियमन आयोगमा स्वीकृतिको प्रक्रियामा रहेको छ । यस कम्पनीवाट चिनिया साझेदारहरुमा शेयर बिक्री हस्तान्तरणका लागि स्वीकृतिको प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको १३९.२ मे.वा.का लागि नेपाल विद्युत प्राधिकरणसंग कनेक्सन एग्रिमेन्ट हस्ताक्षर गरिएको छ । यसको पुरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतको प्रकृयामा रहेको छ । यस आयोजनाको लगानी स्वीकृतिका लागि लगानी बोर्डमा र उद्योग दर्ताको लागि उद्योग विभागमा निवेदन पेश गरिएको छ । यस आयोजनाको विकास तथा निर्माणका लागि आयोजना कम्पनी स्थापना गर्नका लागि चिनिया साझेदारहरुसंग संयुक्त लगानी सम्झौता गरिएको छ ।

लगानी बोर्डले माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको ३२७ मे.वा.का लागि लगानी स्वीकृति प्रदान गरेको छ । आयोजना विकास सम्झौताको प्रक्रियालाई तिब्रता दिन तथा सम्झौता गर्नका लागि लगानी वोर्डमा पहल भईरहेको छ । पुरक वातावरणीय अध्ययन प्रतिवेदन तयार भई स्वीकृतिको प्रक्रियामा रहेको छ ।

उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयको स्वीकृति लिई मनाङ मर्स्याङदी जलविद्युत आयोजना र तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको जडित क्षमतामा परिवर्तन भएको। प्कार फेरिएकोका र सो अनुसार आयोजनाको संरचनाहरु बदलिएको हुनाले, उत्पादन अनुमतिपत्रहरु संशोधन गरिनेछ ।

निर्माण कार्यहरु यथाशक्य सिघ्र प्रारम्भ गर्नका लागि निर्माण आवास गृहहरु तथा पहुँच मार्ग गत वर्षनै तयार गरिएको थियो । मर्स्याङदी क्यासकेड आयोजनाहरुवाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले निर्माण गर्दै गरेको २२० के.भी. मर्स्याङदी कोरिडोर प्रशारण लाईन मार्फत विद्युत प्रसारण हुनेछ ।

**चिनोखोला जलविद्युत आयोजना** (७.९ मे.वा.)

चिनोखोला जलविद्युत आयोजना तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको नजिकै रहेको नदीको बहावमा आधारित आयोजना हो । यस आयोजनाको संभाब्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकनको कार्य सम्पन्न भई बातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन स्वीकृति भएको छ । मर्स्याङदी क्यासकेड आयोजनाहरुले निर्माणको क्रममा यस आयोजनावाट उत्पादित विद्युत उपयोग गर्नका साथै नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौताको प्रक्रिया शुरु गरिएको छ । यस आयोजनाको विद्युत उत्पादन अनुमतिपत्रका लागि पेश गरेको दरखास्त स्वीकृतिको प्रक्रियामा रहेको छ ।

**मुगु कर्णाली जलविद्युत आयोजना (१६० मे.वा.):**

मुगु कर्णाली जलविद्युत आयोजना मुगु जिल्लाको सदरमुकाम गमगढी नजिकै पर्दछ । यस आयोजनाको सर्वेक्षण अनुमतिपत्र २०७४ सालमा लिइएको थियो । यस आयोजनाको पूर्वसंभाव्यता अध्ययनको कार्य सम्पन्न भएको छ र बिस्तृत संभाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकनको कार्य चलिरहेको छ ।

हाल त्यस क्षेत्रमा विद्युत प्रसारणको संरचना नभएकोले विद्युत आपूर्ति यस आयोजनको मुख्य चुनौति रहेको छ । प्रशारण लाईन योजनाको हालको अवस्था हेर्दा नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गर्नका लागि आवश्यक पर्ने कनेक्सन एग्रिमेन्ट गर्न धेरै कठिन हुने देखिन्छ । त्यसकारण यस आयोजनालाई विद्युत प्रसारण सुविधाहरुको उपलब्धता हेरी भविश्यमा निर्माण गर्ने गरी ब्याकअप योजनाकोरुपमा राखिनेछ ।

**संस्थागत सुशासन**

यस कम्पनी असल संस्थागत सुशासनका लागि प्रतिवद्ध छ । आफ्नो दृष्टिकोण, लक्ष तथा मुल्य मान्यताहरुलाई पछ्याउने क्रममा नैतिक, इमान्दार तथा पारदर्शी भई शेयरधनीहरुको विश्वासलाई कायम राख्न कम्पनी प्रयत्नरत् छ । यस कम्पनीले प्रत्येक वर्ष संचालक समितिको काम कारवाही तथा यसको कार्य संपादन, आन्तरिक नियन्त्रण प्रणाली एवं जोखिम व्यवस्थापनका सम्बन्धमा पारदर्शी रहने ध्येयले संस्थागत सुशासन प्रतिवेदन तयार गर्दछ । संस्थागत मूल्य संरचनामा कम्पनीको दृष्टिकोण, लक्ष, मूल्य मान्यता, व्यवसायको नीति तथा सिद्धान्तहरु, संस्थागत सुशासनका नियमहरु, आचरण तथा नैतिकता सम्वन्धी नियमहरु तथा निर्देशिकाहरु समाविष्ट छन् । सो मुल्य संरचना कम्पनीका कर्मचारी देखी संचालकहरु सम्म सबैलाई लागु हुन्छ । यसका मुलभुत पक्षहरु कानूनी व्यवस्थाको पालना, स्वच्छता, पूर्णता, इमान्दातारिता तथा वातावरणीय प्रभाव तथा सरोकारवालाहरुको हितलाई मध्यनजर गर्दै व्यक्तिगत तथा व्यवसायिक सम्बन्धमा उच्च स्तरको नैतिकता तथा व्यवहारको अभ्यासका निमित्त प्रवृत्त हुने रहेका छन् । यसै भावका साथ प्रचलित कानून वमोजिम पेश गर्नु पर्ने प्रतिवेदनहरु समयमै नियमनकारी निकायहरुमा पेश गरिएको छ । संस्थागत सुशासन प्रतिवेदन कम्पनीको वार्षिक प्रतिवेदनमा अलग्गै प्रकाशित गरिएकोछ ।

**संचालक समिति तथा यस अर्न्तगतका समितिहरु**

यस बर्ष संचालक समितिमा कुनै हेरफेर भएको छैन । संचालक समितिले तोकिएका तीन समितिहरु – लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र सम्पत्ति एवं दायित्व समिति एवं कम्पनीको आवस्यकता अनुसार अन्य पाँच समितिहरु गठन गरेको छ । आ.व. २०७६।७७ मा संचालक समिति तथा यस अर्न्तगतका समितिहरुको सदस्यकोरुपमा संचालकहरुको कार्यसंपादन सन्तोषजनक रह्यो । कम्पनीको

शेयर संरचना, संचालक समिति, यस अर्न्तगतका समितिहरुको विवरणहरु संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**कम्पनीको शेयर संरचना**

कम्पनीको शेयर संरचनाका सम्बन्धमा संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ । आ.व. २०७६।०७७ को अन्त्यमा शेयरधनीहरुको संख्या ७२,९३८ रहेको थियो ।

**व्यवस्थापन**

यस कम्पनीको व्यवस्थापनको नेतृत्व प्रमुख कार्यकारी अधिकृत श्री उत्तर कुमार श्रेष्ठले गर्नु भएको छ । निजसंग नेपाल विद्युत प्राधिकरणको व्यवस्थापनमा काम गरेको लामो व्यवस्थापकीय अनुभव रहेको छ र विगत ६ वर्ष भन्दा बढी समय देखी सफलतापूर्वक यस कम्पनीको व्यवस्थापनको नेतृत्व गर्दै आउनु भएको छ । कम्पनीमो व्यवस्थापनमा कार्यरत् १९ जना समेत कुल १९३ जना कर्मचारीहरु कार्यरत् छन् । कर्मचारी यूनियनसंग मिति २०७६।६।१० मा सामुहिक सौदावजीको सम्झौता गरिएको छ र सो सम्झौता मिति २०७८ सालको आषाढ मसान्तसम्म कायम रहनेछ । कर्मचारीहरुको औषधोपचार बीमा, दुर्घटना बीमा तथा कोभीड - १९ बीमा गरिएको छ ।

आ.व. २०७६।७७ मा व्यवस्थापनले कम्पनीको दृष्टिकोण, लक्ष तथा मूल्यमान्यता अनुरुपका मुख्य मुख्य कार्यहरु संचालक समिति तथा यस अर्न्तगतका समितिहरुको रणनीतिक मार्गदर्शनमा सम्पन्न गर्दै कार्यसंपादनमा सुधार गरेको छ ।

**स्वास्थ्य, सुरक्षा तथा वातावरण**

यस कम्पनीले आई.एस.ओ.को मापदण्ड अनुसार गुणस्तर, वातावरण, पेशागत स्वस्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणालीको अवलम्वन गरेको छ। यस कम्पनी मे २४, २००५ देखी आई.एस.ओ. ९००१:२०१५ (गुणस्तर व्यवस्थापन प्रणाली) तथा आई.एस.ओ. १४००१:२०१५ (वातावरण व्यवस्थापन प्रणाली) र सेप्टेम्वर २०, २०१३ देखी एवं आई.एस.ओ. १८००१:२००७ (पेसागत स्वास्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणाली) प्रमाणित छ र सन् २०१७ मा पूनः प्रमाणित भएको छ ।

पेसागत स्वास्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणालीले पेसागत स्वास्थ्य तथा सुरक्षाका विषयमा कम्पनी भित्र चेतना अभिबृद्धि गर्न तथा व्यवस्थापन गर्न मद्दत पुऱ्याएको छ । त्यसलाई कम्पनीको समग्र व्यवसाय संचालन, प्रणाली तथा कार्यविधिहरुमा एकिकृत गरी कार्यान्वयन गरिएको छ ।

आपतकालिन अवस्थाहरु जस्तै आगलागी, बाढी, पहिरो, भूकम्प, महामारी आदि संग सामना गर्नका लागि राम्रोसंग तयार गरिएको पेशागत स्वस्थ्य तथा सुरक्षा एवं आपतकालिन तयारी योजना सबैलाई जानकारी

गराइएको थियो । एकिकृत व्यवस्थापन प्रणालीको निरन्तर सुधारका लागि आन्तरिक तथा बाह्य लेखापरीक्षणहरु गरिएको थियो । आ.व. २०७६।७७ मा कम्पनीमा कुनै गम्भिर प्रकृतिको विमारी, घटना, र्दुघटना, घाईते भएको पाइएन । तर, कोभीड - १९ वाट तेह्र जना कर्मचारीहरु संक्रमित हुनपुगे भने एक जना गुमाउनु पर्‍यो ।

## कम्पनीको औधोगिक संलग्नता तथा बाह्य सम्वन्ध

यस कम्पनी आफ्ना सरोकारवालाहरुसंग जोडिएको छ र सेमिनार, तालिम, गोष्ठी तथा संस्थागत सामाजिक दायित्व अर्न्तगतका गतिविधीहरु जस्ता विभिन्न माध्यमहरुवाट उनीहरु संगको सम्बन्धलाई अभिवृद्धि गर्नका लागि प्रतिवद्ध छ । यस कम्पनी नेपाल उद्योग वाणिज्य महासंघ, स्वतन्त्र उर्जा उत्पादक संघ, नेपाल हाइड्रोपावर एशोसिएशन, नेपाल उद्योग परिसंघ, इन्टरनेशनल हाइड्रोपावर सेन्टर, नर्वे, उर्जा विकास परिषद्, नेपाल टनेलिङ एशोशियसन तथा नेपाल व्यवस्थापन संघको संस्थागत सदस्य हो ।

यस कम्पनीले अन्तराष्ट्रिय वित्त संस्था, विश्व बैक, सिङ्गापुर स्थित इन्फ्राको एसिया, नर्वे स्थित स्टाटक्राफ्ट एएस, क्यानाडा स्थित एससीपीएचआई जस्ता अन्तराष्ट्रिय संस्थाहरुसंग जलविद्युत आयोजनाहरु विकासका लागि विभिन्न तहमा साझेदारी गरेको छ । यस कम्पनीले थप तीन चिनिया ख्यातीप्राप्त कम्पनीहरुः Sichuan Provincial Investment Group Co. Ltd, Chengdu Xingcheng Investment Group Co. Ltd. र Qing Yuan Engineering Consulting Co. Ltd. संग मर्स्याङदी क्यासकेड आयोजनाहरु निर्माणका लागि साझेदारी निर्माण गरेको छ । चीनको जलविद्युत क्षेत्रको विकासमा तथा शहरी पूर्वाधार विकासमा यी कम्पनीहरुले आफ्नो सफलता दर्ज गराएका छन् ।

## संस्थागत जोखिम व्यवस्थापन

जोखिम व्यवस्थापन व्यवसायिक पहल, निर्णय तथा कार्यान्वयनको एक महत्वपूर्ण हिस्साकोरुपमा रहेको छ । यस कम्पनीले आफ्ना जोखिमहरुको व्यवस्थापन उपयुक्त तरीकावाट भएको सुनिश्चित गर्नका लागि निरन्तररुपमा व्यवस्थापनको विभिन्न तहमा जोखिमहरुको विश्लेषण तथा अनुगमन गर्दै आएको छ । कम्पनीमा जोखिमको असल व्यवस्थापन सुनिश्चित् गर्न जोखिम व्यवस्थापन समितिले व्यवस्थापनको अनुगमन तथा मार्गदर्शन गर्ने एवं संचालक समितिलाई सिफारिस गर्ने गर्दछ । कम्पनीमा सुस्पष्ट जोखिम व्यवस्थापन प्रणाली लागु गरिएको छ ।

## आन्तरिक नियन्त्रण तथा जवाफदेहीता

कम्पनीमा आन्तरिक नियन्त्रण तथा जवाफदेहीता प्रणाली लागु गरिएको छ । नियन्त्रणको वातावरण तथा जावफदेहीताको अनुगमन लेखापरीक्षण समिति तथा संचालक समितिले गर्दछ ।

व्यवस्थापकिय प्रणालीहरुको निरन्तर सुधार तथा कार्यान्वयनका निमित्त आवधिकरुपमा आई.एस.ओ.को आन्तरिक तथा बाह्य लेखापरीक्षणहरु गरिएको छ । साथै, कम्पनीले आफ्नो आन्तरिक नियन्त्रण तथा

जोखिम व्यवस्थापनको मुल्यांकन गर्नको लागि स्वतन्त्र लेखापरीक्षकवाट आन्तरिक लेखापरीक्षण गराउँदै आएको छ। आन्तरिक लेखापरीक्षकका सिफारिसहरु तथा लेखापरीक्षण समितिका निर्णयहरु व्यवस्थापनले कार्यान्वयन गरेको छ। श्री पि.एल श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्, ले आ.व. २०७६।०७७ मा कम्पनीको आन्तरिक लेखापरीक्षणको कार्य गरेको थियो।

### वाह्य लेखापरीक्षण

श्री सी एस सी एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्ले यस कम्पनीको नियमितरुपमा दोश्रो पटक आ.व. २०७६।०७७ को हिसाव किताव लेखापरीक्षण गऱ्यो। लेखापरीक्षकले कम्पनीको वित्तिय विवरण उपर नकारात्मक टिप्पणी रहित प्रतिवेदन जारी गरेको छ।

### शेयरधनीहरुको सुझाव तथा संचार

शेयरधनीहरुवाट प्राप्त सुझावहरुलाई गम्भिरतापूर्वक लिइएको छ र त्यसको गाम्भिर्यता तथा कम्पनीको व्यवसायिक हितका आधारमा कार्यान्वयन गरिएको छ। त्रैमासिक प्रतिवेदन, संक्षिप्त आर्थिक प्रतिवेदन, वार्षिक प्रतिवेदन, बार्षिक साधारण सभाको निर्णय पुस्तिकाहरु प्रकाशित गरी संचारका सबै माध्यमहरुको प्रयोग गरिएको छ र ति प्रकाशनहरु शेयरधनीहरुको जानकारीको लागि कम्पनीको वेभपेजमा हेर्न मिल्ने व्यवस्था मिलाइएको छ। कम्पनीले आफ्नो निरन्तर सुधारका लागि शेयरधनीहरुलाई सुझावहरु दिन प्रोत्साहित गर्दछ र शेयरधनीहरुका सुझावहरुको स्वागत गर्दछ।

### शेयर रजिष्ट्रार तथा शेयर कारोवारः

मिति २०७७ श्रावण १ देखी नारायणचौर, नक्साल, काठमाण्डौ स्थित नाविल इन्भेष्टमेन्ट बैकिङ लि. यस कम्पनीको शेयर रजिष्ट्रार रहेको छ। यस वर्ष कुनै शेयर जफत गर्ने वा कम्पनी आफैंले खरिद गर्ने कार्य गरेको छैन। कम्पनीको वार्षिक शेयर कारोवारको मुख्य मुख्य विवरणहरुको सारसंक्षेप निम्न अनुसार रहेको छः

| वर्ष | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या | कारोवार शेयर | कारोवार रकम रु. |
|---|---|---|---|---|---|---|---|
| २०७६।६६ | ४२९ | २८४ | ३५९ | १८३ | १३,००० | १८,२२,५६० | ६५.७ करोड |
| २०७५।७६ | ४९६ | ३३२ | ४०९ | २४६ | १५,८५२ | १,९०२,१८७ | ७९.३ करोड |

### सम्बद्ध पक्षसंगको कारोवारहरु

यस कम्पनीले सहायक कम्पनीहरुसंग उत्तम औधोगिक प्रचलनहरु तथा प्रचलित कानून अनुसार व्यवसायिक हिसावले कारोवार गर्दछ। कम्पनीले आफ्ना सहायक तथा संलग्न कम्पनीहरुसंग गरेका मुख्य मुख्य सबै कारोवारहरुका सम्बन्धमा आ.व. २०७६।०७७ को वित्तिय विवरणहरुको नोटमा खुलाइएको छ।

**व्यवसाय तथा लगानीको वातावरणः**

नेपालका जलविद्युत उत्पादनकालागि अनुकुल अवस्थाका अविछिन्न बगिरहेका ठुला नदीहरुले जलविद्युत क्षेत्रमा लगानीका लागि प्रशस्त अवसरहरु प्रदान गरेको छ।

आ.व. २०७६।७७ को मध्यवाट शुरु भएको कोभिड -१९ विश्वव्यापी महामारीले स्वास्थ्य संकटको अवस्था मात्र सृजना गरेन, वल्कि देश भित्रका आर्थिक गतिविधिहरुलाई पछाडि धकेलिदियो। सार्वजनिक सेवाहरु समेत प्रभावित भए। विकास तथा निर्माणको चरणमा रहेका आयोजनाहरु नराम्ररी प्रभावित भए। जवकि संचालनमा रहेका विद्युत केन्द्रहरु तुलनात्मकरुपमा कम प्रभावित भए। विद्युत उत्पादन पर्याप्त भएपनि त्यसको उपभोगमा कमी आयो।

उत्पादन बढ्न गएको र बन्दाबन्दीले गर्दा आर्थिक गतिविधिहरु न्यून भएका हुनाले सुख्खायाममा देशभित्र विद्युतको मागलाई व्यवस्थित गर्नका लागि नेपाल विद्युत प्राधिकरणले गत वर्षको तुलनामा भारतबाट ३८.५५% न्यून विद्युत खरिद गर्‍यो। आ.व. २०७५।७६ को तुलनामा आ.व. २०७६।७७ मा १५१ मे.वा. जडित क्षमता थप भयो। जसमा स्वतन्त्र उर्जा उत्पादकहरुको योगदान १३५ मे.वा. रहेको छ। गत वर्षको तुलनामा स्वतन्त्र उर्जा उत्पादकहरुवाट विद्युत बिक्री ३६.५७% ले बृद्दि भएको छ। नेपाल विद्युत प्राधिकरणले आ.व. २०७५।७६ मा रु. ९ अरव ८१ करोड २० लाख मुनाफा आर्जन गरेकोमा यस वर्ष रु. ११ अरव ५ करोड साठी लाख मुनाफा आर्जन गर्न सफल भयो। यसले नेपाल विद्युतको क्षेत्रमा आत्मनिर्भर हुने दिशातर्फ रहेको र निकट भविश्यमा जगेडा विद्युत अन्तरदेशीय विद्युत वजारमा निर्यात गर्न सक्षम हुने देखिन्छ। अपर तामाकोशी जलविद्युत आयोजना जस्ता ठुला आयोजनाहरु लगायत धेरै जलविद्युत आयोजनाहरु निर्माण तथा सम्पन्न हुने चरणमा छन्। वर्षायाममा विद्युत चाहिने भन्दा बढी हुने उच्च संभावना रहेको छ। नेपाल विद्युत प्राधिकरणले ठुला जलविद्युत आयोजनाहरु सम्पन्न भएपछि त्यहाँवाट उत्पादन भई बढी हुन आउने विद्युतको व्यवस्थापनका लागि कार्य गरिरहेको छ।

भारतसंगको अन्तरदेशीय विद्युत व्यापार केही वर्ष अघि शुरु भएको थियो। ढल्केवर देखी मुजाफ्फरपुर सम्मको नेपाल तथा भारत बीचको ४०० के.भी. को अन्तरदेशीय प्रशारण लाईन पूर्ण संचालनमा आएको छ। अन्य तीनवटा अन्तरदेशीय प्रशारण लाईनहरुको प्रक्रिया प्रारम्भ गरिएको छ। हालै नेपाल सरकारले डे अहेड बजार, टर्म अहेड बजार लगायत सबै प्रकारका अन्तरदेशीय विद्युत व्यापार तथा दिर्घकालिन, मध्यकालिन एवं अल्पकालिन विद्युत व्यापारको लागि नेपाल विद्युत प्राधिकरणलाई पूर्व स्वीकृति प्रदान गरेको छ। विद्युत आदान प्रदानको अतिरिक्त नेपाल विद्युत प्राधिकरणले भरतीय एनटीपीसी विद्युत व्यापार

निगमसंग विद्युत खरिद तथा बिक्री दुबै गर्ने गरी ठोस सम्झौता गरी आवस्यक व्यापारिक तयारी समेत शुरु गरेको छ ।

नेपाल सरकारले नियमितरुपमा कर्जा भुक्तान गर्नेलाई व्याजमा छुट प्रदान गरी तथा कोभीड - १९ को कारण समयमा कर्जा भुक्तान गर्न नसक्नेलाई भुक्तानी समय तालिका पछि सार्न दिएर निजी क्षेत्रलाई सहयोग गऱ्यो । नेपालमा लगानी विस्तारै बढ्दै छ । नेपाल एक महत्वपूर्ण अवस्थामा आईपुगेको छ र यो एक अवसरको अवस्था समेत हो, ता कि नेपालले राम्रा नीतिहरु सहित कानूनी पूर्नसंरचनाको लाभ लिनु पर्दछ । बास्तवमा उपयुक्त व्यवसायिक तथा लगानी वातावरण सुनिश्चित गर्नका लागि सरकारले नीतिहरुमा छलफल गर्ने यो उपयुक्त समय हो । नयाँ तथा नवीन उद्यमको स्थापनालाई प्रसय दिनका लागि प्रशासनिक झन्झटहरु, कठोर नियमनहरु, पुराना तथा असान्दर्भिक नीतिहरु तथा गैह्रप्रतिश्पर्धात्मक अभ्यासहरु कम गर्नका लागि उत्तिकै ध्यान दिनु पर्दछ ।

निजी क्षेत्रले आर्थिक बृद्धिलाई हाँक्ने विश्वास गरिन्छ । नेपाल उद्योग बाणिज्य महासंघले नेपालमा निजी क्षेत्रका लागि ठुला संभावनाहरु खुल्ने अपेक्षा सहित हालै आफ्नो नयाँ नेतृत्व चयन गरेको छ ।

हेजिङ नियमावली तयार गरी संशोधन समेत गरिएको छ । तर, विदेशी लगानीकर्तालाई पर्याप्त विश्वसा दिलाउनका लागि अझै हेजिङको शूल्क बेहोर्ने तथा हेजिङ हुने रकम र समयका विषयमा स्पष्टता हुन आवश्यक छ । विद्युत नियमन आयोगको स्थापना संगै स्वतन्त्र उर्जा उत्पादकहरु विद्युत खरिद बिक्रीदरमा समायोजन हुने तथा नियमक प्रक्रियाहरुमा तिव्रता आउनेमा एकदम आशावादी छन् । हालै विद्युत नियमन आयोगवाट अधिकतम विद्युत खपतलाई प्रोत्साहित हुने गरी नेपाल विद्युत प्राधिकरणको विद्युत महशुल पुनरावलोकन भएको छ । उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयले १० मे.वा. भन्दा साना रुग्ण जलविद्युत केन्द्रहरुलाई राहत प्याकेज सिफारिस गरेको छ ।

नेपाल विद्युत प्राधिकरणवाट प्रशारण लाईनको निर्माण सम्पन्न गर्न भएको ढिलाईका कारण धेरै जलविद्युत केन्द्रहरुले आफ्नो पूर्णक्षमतामा विद्युत आपूर्ति गर्न सकिरहेका छैनन् । विद्युत उत्पादन तथा वितरणमा बढोत्तरीका लागि निर्माणाधिन तथा योजनामा परेका नेपाल सरकारका प्रशारण लाईनहरुको समयमै कार्यन्वयन हुनु पर्ने विषय एकदमै महत्वपूर्ण छ ।

**लाभांश**

कम्पनीले स्थिर लाभांश नीति अख्तियार गरेको छ । लाभांश नीति तथा जलविद्युत आयोजनाहरु विकास गर्ने कम्पनीका भविश्यका योजनाहरु समेतलाई बिचार गरी संचालक समितिले आ.व. २०७६।०७७ को खुद मुनाफावाट चुक्ता पूँजीको १५% नगद लाभांश तथा १०% बोनस शेयर वितरण गर्नका लागि २८ औं बार्षिक साधारण सभामा प्रस्ताव गरेको छ । २०७७ सालको आषाढ मसान्त सम्ममा शेयरधनीहरुले बुझिलिन बाँकी लाभांश रकम रु. ५ करोड ५१ लाख १ हजार रहेको छ ।

**अवको वर्ष:**

आगामी वर्ष कम्पनीका लागि चुनौतिपूर्ण हुनेछ । मर्स्याङदी क्यासकेड आयोजनाहरु प्राथमिकतामा रहेका छन् । बैंकहरुलाई लगानी योग्य हुनेगरी मर्स्याङदी क्यासकेड आयोजनाहरुको विद्युत खरिद बिक्री सम्झौता गर्ने, सो आयोजनाहरुको वित्तिय व्यवस्था गर्ने तथा त्यसलाई निर्माणको चरणमा पुऱ्याउने चुनौतिपूर्ण कार्यहरु छन् । कावेली ए जलविद्युत आयोजनाको पूर्नस्थापना कम्पनीका लागि त्यत्तिकै महत्वपूर्ण रहेको छ । आ.व. २०७७।७८ मा निम्न कार्यहरु सम्पन्न गर्ने अपेक्षा गरिएको छ:

- मनाङ मर्स्याङदी जलविद्युत आयोजना, तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना र चिनोखोला जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता गर्ने,
- मनाङ मर्स्याङदी जलविद्युत आयोजना, तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना र माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको आयोजना विकास सम्झौता गर्ने,
- तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना र माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको पुरक वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन स्वीकृत गराउने,
- मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि.को शेयरहरु चिनिया साझेदारहरुलाई बिक्रीको प्रक्रिया सम्पन्न गर्ने,
- तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना तथा चिनोखोला जलविद्युत आयोजनाको आयोजना कम्पनी गठन गर्ने,
- मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको वित्तिय व्यवस्था गरी निर्माण प्रारम्भ गर्ने,
- न्यादी जलविद्युत आयोजनाको व्यापारिकरुपमा संचालन शुरु गर्ने, र
- कावेली ए जलविद्युत आयोजनालाई पूर्नस्थापना गर्ने ।

**कृतज्ञता ज्ञापन**

कम्पनीको प्रगतिको लागि आ.व. २०७६।०७७ मा प्रत्यक्ष वा परोक्ष रुपले योगदान दिने, सहयोग गर्ने तथा सहायता दिने नेपाल सरकार तथा यसका निकायहरु, विद्युत नियमन आयोग, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल विद्युत प्राधिकरण, विदेशी साझेदारहरु, सेवाग्राही, ठेकेदारहरु, बिक्रेता, सप्लायर, संवद्ध संस्थाहरु, वैंकहरु, लेखापरीक्षकहरु, उपभोक्ताहरु र अन्य संस्था तथा व्यक्तिहरुप्रति हामी आभारी छौं ।

संचालक समिति अर्न्तगतका समितिहरुका सदस्यहरु, व्यवस्थापन समूह तथा कर्मचारीहरुलाई कम्पनीको प्रगतिको लागि गर्नु भएको समर्पण एवं निरन्तर योगदानको लागि तथा शेयरधनीहरुलाई हामी प्रति देखाउनुभएको विश्वासको लागि हार्दिक धन्यवाद दिन चाहान्छौं ।

धन्यवाद ।

संचालक समितिको तर्फवाट
पद्म ज्योति
अध्यक्ष
मितिः